# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS
18:40 hrs. 06.09.2025

## इन्द्रजात्रा संपन्न - मुख्यमन्त्री घोषणा

नेवार जातिको महान पर्व इन्द्र जात्रा आज दक्षिण सिक्किमको नामथाङ रातेपानी समष्टिका काब्रेमा राज्यस्तरीय रूपमा सम्पन्न भयो।

यसै समारोहमा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथि हुनुहुन्थ्यो भने मन्त्री विधायक गण- विभिन्न बोर्ड र संस्थानका सल्लाहकार अध्यक्ष एवम् राज्यका नेवारी समुदायको बाक्लो उपस्थिति रहेको थियो। चार दिवसीय यस समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री तामाङले आगामी 2026 मा नेवार जातिको इन्द्र जात्रा पर्व अन्तर्राष्ट्रीय स्तरको रूपमा पालन गर्ने सुझाव राख्दै संस्कृति विभाग मार्फत धनराशि प्रदान गरिने बताउनु भयो।

उहाँले भन्नुभयो पर्वलाई केवल मनोरंजनको निम्ति मात्र हेर्नु हुँदैन अनि हामीले भाषा साहित्य संस्कृति परम्परा र भेषभूणलाई प्राथमिकता दिनु अनिवार्य रहेकोछ।

कार्यक्रममा मुख्य मन्त्री लगायत् नेवार समुदायका व्यक्तिहरूलाई सम्मान जनाइयो।

## राज्यपाल – इन्द्रजात्रा

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले इन्द्रजात्रा पर्वको शुभ अवसरमा राज्यका मानिसहरूलाई आफ्नो शुभकामना दिनुभएको छ। राज्यपालले नेवार समुदाय लगायत् राज्यका सबै जनतालाई हार्दिक शुभकामना अनि बधाई दिनुभएकोछ। नेवार समाजले मनाउने यो पर्व धार्मिक आस्थाको प्रतीक मात्र न भई हाम्रो सास्कृतिक सम्पदाको जीवन्त उदाहरण पनि हो। उहाँले भन्नुभयो।

## भारत-नेपाल न्यायिक संवाद

भारतमा प्रधान न्यायधीश भूषण रामकृष्ण गवईले न्यायापालिकाले एक संरक्षकको रूपमा काम गर्छ भन्नुभएकोछ।

उहाँले आज काठमांडौमा आयोजित नेपाल- भारत संवादलाई मुख्य वक्ताको रूपमा सम्बोधित गर्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, न्यायपालिकाले केवल न्याय प्रदान गर्दैन बरू समानता र माननीय गरिमा सुनिश्चित गर्नका लागि संविधानको रक्षा पनि गर्छ। नेपालका प्रधान न्यायधीश प्रकाशमान सिंह राउतले यस अवसरमा भन्नुभयो, भारत र नेपालले केवल सीमाहरू नै साझा गर्दैनन् तर दुवै देश बीच निरन्तर न्यायिक सहयोग पनि रहेकोछ।

## वैष्णव –जिएसी सुधार

सूचना तथा प्रसारण मन्त्री अश्वनी वैष्णवले भन्नुभएकोछ प्रधानमन्त्री नरेन्द्र मोदीले जिएसटी सुधारहरू मार्फत मध्यमवर्गीय परिवारहरूलाई ठूलो राहत र एक अमूल्य उपहार दिनुभएको छ।

उहाँले भन्नुभयो, नयाँ पुस्ताको जिएसटी सुधारहरूले गर्दा देशको सकल घरेलु उत्पादमा लगभग 20 लाख करोढ़ रूपियाँको वृद्धि हुने अपेक्षा छ जसले देशको अर्थव्यस्थालाई निक्कै बढ़ावा मिल्नेछ।

## MIDH- रेनॉक

बागवानी ब्लक कार्यालय रेनॉकले आज एकीकृत बागवानी विकास मिशन (MIDH)योजना अन्तर्गत प्रभावकारी वितरण कार्यक्रम संचालन गर्यो। यो पहल स्थानीय किसान लाभार्थीहरूलाई बागवानी संबधी आवश्यक जानकारीहरू उपलब्ध गराउने उद्देश्यका साथ गरिएको थियो जसले गर्दा सम्पूर्ण क्षेत्रमा बागवानी अनि फूलको खेतीमा दिगो विकासलाई प्रवर्द्धन गर्न सकियोस्।

## सुँगुर पालन – तादोङ

राज्यका विभिन्न भागका शिक्षित बेरोजगार युवाहरू, प्रगतिशील किसानहरू र उद्यमीहरू लगायत् 25 जना समर्पित सहभागीहरूले 4 र 5 सेप्टेम्बर 2005 का दिन आयोजित सुँगुर पालन सम्बन्धी दुई दिने आवासीय तालिम सफलतापूर्वक संपन्न गेर। यो तालिम, प्रशिक्षण तथा विस्तार कक्ष, पशु- पालन तथा पशु चिकित्सा सेवा विभाग तादोङ, गान्तोकको सोकेथाँङ प्रशिक्षण केन्द्रमा आयोजना गरिएको थियो।

## मौसम

स्थानीय मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार गान्तोक र वरपरका क्षेत्रहरूमा आजको अधिकतम तापमान 22 डिग्री सेल्सियस थियो भने न्यूनतम तापमान 17.6 डिग्री सेल्सियस थियो।

भोलि आईताबार सात सेप्टेम्बरका दिन सामान्यतः बादल छाउने अनि फाटफुट वर्षा हुने अथवा मेघगर्जनका साथ वर्षा हुने संभावनाछ। अधिकतम तापमान 22 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 17 डिग्री सेल्सियस रहने पूर्वानुमान गरिएकोछ।